# प्रदेश लोक सेवा आयोग
## गण्डकी प्रदेश

प्रदेश/स्थानीय प्रशासन सेवा, लेखा समूह, पाँचौ तह, वरिष्ठ लेखा/आलेप सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

परीक्षा मिति: २०८१/१२/२७

समय: २ घण्टा ३० मिनेट पत्र: तृतीय पूर्णाङ्क: १००

विषय: सेवा-समूह सम्बन्धी

*निम्न प्रश्नहरुको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नु पर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।*

### खण्ड-A

१. दोहोरो लेखा प्रणालीको परिभाषा दिँदै डेबिट र क्रेडिटका नियमहरु उदाहरणसहित प्रस्तुत गर्नुहोस् । (१+४=५)

२. खाता सुची (Chart of Account) भन्नाले के बुझिन्छ? सरकारी लेखा प्रणालीमा यसको प्रयोग कसरी गरिएको छ ? लेख्नुहोस् । (५)

३. सार्वजनिक क्षेत्र लेखामान बारे जानकारी दिँदै यसका विशेषता उल्लेख गर्नुहोस् । (५)

४. वार्षिक बजेट तर्जुमाका कानुनी आधारहरु के के हुन्? प्रस्तुत गर्नुहोस् । (५)

५. हाम्रो मुलुकमा आर्थिक प्रशासन नतिजामुखी हुन सकेन भन्ने गरिन्छ । नतिजामुखी आर्थिक प्रशासनको लागि विभिन्न पदमा रहेका जिम्मेवारी लिएका व्यक्ति तथा कर्मचारीको भूमिका महत्वपूर्ण रहन्छ । यस सन्दर्भमा आर्थिक अनुशासन कायम गर्न लेखा प्रमुखको भूमिका कस्तो रहनुपर्दछ? चर्चा गर्नुहोस् । (१०)

### खण्ड-B

६. संचित कोषमा कुन कुन रकम जम्मा गरिन्छ? गण्डकी प्रदेश सरकारको संचित कोष व्यवस्थापनमा कुन कुन निकाय संलग्न रहेका छन्? संलग्न निकाय र तीनहरुको भूमिका छोटकरीमा उल्लेख गर्नुहोस् । (५)

७. सरकारी सम्पत्तिको व्यवस्थापनमा कसरी सुधार गर्न सकिन्छ? सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को प्रयोगबाट हुने फाइदाहरु के के हुन्? लेख्नुहोस् । (५)

८. जिन्सी मालसामानको लिलाम गर्नुपर्ने अवस्था र लिलामको प्रक्रियाको बारेमा उल्लेख गर्नुहोस् । (२+३=५)

९. परामर्श सेवा खरिद भनेको के हो? यो वस्तु खरिदसँग कसरी भिन्न छ? तुलना गर्नुहोस् । (१+४=५)

१०. सार्वजनिक खरिद भनेको के हो? यसको कार्य जिम्मेवारी एवम् खरिद विधिहरु उल्लेख गर्नुहोस् । (२+३+५=१०)

### खण्ड-C

११. अन्तर सरकारी वित्तीय हस्तान्तरण ऐन, २०७४ बमोजिम स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणका सम्बन्धमा देखिएका समस्या बारे उल्लेख गर्नुहोस् । (५)

१२. वित्तीय उत्तरदायित्व भन्नाले के बुझिन्छ? यसको परिपालना कसरी गर्न सकिन्छ? छोटकरीमा उल्लेख गर्नुहोस् । (५)

१३. बेरुजुको परिभाषा दिँदै प्रदेश सभा अन्तर्गतको सार्वजनिक लेखा समितिले बेरुजु फछ्र्यौट सम्बन्धमा के काम गर्दछ? बुँदागत रुपमा लेख्नुहोस् । (५)

१४. स्वयंकर घोषणा बारे जानकारी गराउँदै यस सम्बन्धमा देखिएका चुनौतीहरु बारे चर्चा गर्नुहोस् । (५)

१५. लेखा परिक्षण गर्दा जोखिमका क्षेत्रहरु कसरी मुल्याङ्कन गरिन्छ र लेखा परिक्षणमा सूचना प्रविधिको प्रयोगबारे आफ्नो धारणाहरु छोटकरीमा प्रस्तुत गर्नुहोस् । (५)

१६. आन्तरिक लेखापरीक्षणको उद्देश्य उल्लेख गर्दै स्थानीय तहको आन्तरिक लेखापरीक्षण के कसरी हुने गरेको छ, लेख्नुहोस्। (२+३=५)

१७. आन्तरिक नियन्त्रण प्रणालीको परिभाषा दिनुहोस् । सार्वजनिक निकायहरुमा आन्तरिक नियन्त्रण प्रणाली कमजोर भइरहेको गुनासाहरु आउने गरेको सन्दर्भमा आन्तरिक नियन्त्रण प्रणालीलाई के कसरी प्रभावकारी बनाउन सकिन्छ? आफ्नो धारणा प्रस्तुत गर्नुहोस् । (२+८=१०)

-समाप्त-

# प्रदेश लोक सेवा आयोग
## गण्डकी प्रदेश

प्रदेश/स्थानीय प्रशासन सेवा, प्रशासन समूह, पाँचौं तह, वरिष्ठ प्रशासन सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

परीक्षा मिति: २०८१/१२/२६

समय: २ घण्टा ३० मिनेट　　　　पत्र: तृतीय　　　　पूर्णाङ्क: १००

विषय: सेवा-समूह सम्बन्धी

*निम्न प्रश्नहरूको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नु पर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।*

### खण्ड-A

१. कार्यालयमा प्रयोग हुने फाइलिङ्ग विधि बारे स्पष्ट पार्दै वर्णानुक्रममा आधारित फाइलिङ्ग बारे लेख्नुहोस्। (३+२=५)

२. टिप्पणी भनेको के हो ? कार्यक्रम सञ्चालन सम्बन्धमा कार्यालय प्रमुखसमक्ष पेश गर्ने टिप्पणी ढाँचा तयार गर्नुहोस्। (१+४=५)

३. गुनासो भनेको के हो ? सेवाग्राहीले प्राप्त गर्ने कुनै सेवा सम्बन्धमा गुनासो कसरी गर्न सक्दछन् ? लेख्नुहोस्। (१+४=५)

४. कुनै पनि कर्मचारीको कार्यविवरण स्पष्ट हुँदा र नहुँदा कार्यसम्पादन नतिजामा के फरक पर्दछ ? उदाहरण सहित स्पष्ट पार्नुहोस्। (५)

५. जिन्सी खाता भनेको के हो ? यसले जिन्सी सामानको संरक्षण र सदुपयोगमा खेल्ने भूमिकाको वर्णन गर्नुहोस्। (१+४=५)

६. सरकारी कार्यालयबाट प्रवाह हुने सेवा प्राप्त गर्न पुरा गर्नुपर्ने प्रक्रिया, गरिने व्यवहार र सेवाको गुणस्तर सम्बन्धमा गुनासो गर्ने र गुनासो सुन्ने के कस्तो प्रावधान आवश्यक पर्दछ ? गुनासो समयमै सम्बोधन हुँदा कार्यालयको छवी सुधार्न कसरी सहयोगी हुन सक्ला ? आफ्ना मौलिक सुझावहरू पेश गर्नुहोस्। (५+५=१०)

### खण्ड-B

७. सार्वजनिक प्रशासन भन्नाले के बुझ्नुहुन्छ ? सार्वजनिक प्रशासन र विकास प्रशासन बीचको भिन्नता लेख्नुहोस्। (२+३=५)

८. गण्डकी प्रदेश लोक सेवा आयोगका काम, कर्तव्य र अधिकारका बारेमा संक्षेपमा खुलाउनुहोस्। (५)

९. समूह गतिशिलताले संगठन र व्यक्तिगत कार्यसम्पादनमा पार्ने सकरात्मक प्रभावहरू के/के हुन्छन् ? उल्लेख गर्नुहोस्। (५)

१०. व्यवस्थापन सूचना प्रणाली भनेको के हो ? संगठनमा व्यवस्थापन सूचना प्रणालीको महत्वलाई बुँदागत रुपमा लेख्नुहोस्। (२+३=५)

११. विभागीय सजाय भनेको के हो ? निजामती कर्मचारीलाई विभागीय सजाय दिँदा अपनाउनु पर्ने प्रकृयाको बारेमा टिप्पणी गर्नुहोस्। (१+४=५)

१२. सरकारी कार्यालयमा समयमा नै काम हुन नसक्ने ढिलासुस्ती भयो भन्ने आम जनगुनासो छ। तोकिएको समय भित्र कार्य सम्पादन गर्ने वातावरण बनाउन समय व्यवस्थापन कसरी गर्नुपर्ला ? हाल प्रयोग भएको विधि बारे उल्लेख गर्दै यसलाई सुधार गर्न के गर्नुपर्ला ? (५+५=१०)

### खण्ड-C

१३. कोटेशन भनेको के हो ? कोटेशन विधिबाट खरिद गर्दा कस्तो कार्यविधि अपनाउनु पर्दछ ? संक्षेपमा उल्लेख गर्नुहोस्। (२+३=५)

१४. विपदको जोखिमलाई न्युनीकरण गर्न के कस्ता पूर्वतयारी स्थानीय स्तरमै हुनुपर्ने पहलहरूलाई लाग्दछ ? उल्लेख गर्नुहोस्। (५)

१५. गण्डकी प्रदेश सुशासन ऐन, २०७६ ले व्यवस्था गरेका मुख्य मुख्य व्यवस्था र विशेषता उल्लेख गर्नुहोस्। (५)

१६. सूचनाको हक किन आवश्यक छ ? सूचना प्रवाहमा सार्वजनिक निकायको दायित्व सम्बन्धी व्यवस्था के रहेको छ ? उल्लेख गर्नुहोस्। (२+३=५)

१७. बेरुजु भन्नाले के बुझिन्छ ? बेरुजुका किसिमहरू उल्लेख गर्दै बेरुजु फछ्र्यौट तथा सम्परीक्षण सम्बन्धी कानुनी र संस्थागत व्यवस्थाको बारेमा वर्णन गर्नुहोस्। (१+१+४+४=१०)

-समाप्त-

# प्रदेश लोक सेवा आयोग
## गण्डकी प्रदेश

प्रदेश/स्थानीय प्रशासन सेवा, प्रशासन/लेखा समूह, पाँचौ तह, वरिष्ठ प्रशासन/लेखा/आलेप सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

परीक्षा मितिः २०८१/१२/२५

समय: २ घण्टा ३० मिनेट | पत्र: द्वितीय | पूर्णाङ्क: १००

विषयः समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन

*निम्न प्रश्नहरुको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नु पर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।*

### खण्ड-A

१. नेपाललाई भौगोलिक आधारमा कसरी विभाजन गरिएको छ ? उल्लेख गर्दै नेपालका अद्वितीय (Unique) भौगोलिक विशेषताहरुको सूची तयार गर्नुहोस् । (२+३=५)

२. गण्डकी प्रदेशमा पर्यटन क्षेत्रको विकास गर्न प्रदेश सरकारले अवलम्बन गरेका नीति तथा कार्यक्रमहरु विषयमा संक्षेपमा उल्लेख गर्नुहोस् । (५)

३. वि.सं. २०७८ को जनगणना अनुसार गण्डकी प्रदेशमा सवै भन्दा कम जनसंख्या भएको जिल्ला, नगरपालिका र गाउँपालिकाको नाम र जनसंख्या लेख्नुहोस् । (१.५+१.५+२=५)

४. नीजि क्षेत्रबाट देशको आर्थिक विकासमा योगदान पुऱ्याउन सक्ने ५ वटा महत्वपूर्ण क्षेत्रहरु उल्लेख गर्नुहोस् । (५)

५. गण्डकी प्रदेशमा रहेका आर्थिक विकासका मुख्य आधारहरु के/के हुन् ? संक्षिप्त रुपमा वर्णन गर्नुहोस् । (५)

६. दिगो विकास लक्ष्य भन्नाले के बुझ्नुहुन्छ ? यो लक्ष्य पुरा गर्न प्रदेश तथा स्थानीय तहहरुबाट कुन/कुन क्षेत्रमा बजेट तथा कार्यक्रमहरुको प्राथमिकीकरण गर्नु पर्ला ? चर्चा गर्नुहोस् । (३+७=१०)

### खण्ड-B

७. सूचनाको हक र पारदर्शिता कसरी सहसम्बन्धित हुन्छन् ? उदाहरण सहित स्पष्ट पार्नुहोस् । (२+३=५)

८. प्रदेश सरकारको गठन विधिका सम्बन्धमा संवैधानिक व्यवस्था बारे चर्चा गर्नुहोस् । (५)

९. नागरिक शिक्षा अन्तर्गत नागरिकलाई दिइने शिक्षा/चेतना के के हुन् ? (५)

१०. नेपालको सन्दर्भमा समानुपातिक प्रतिनिधित्व किन आवश्यक छ ? आफ्नो धारणा प्रस्तुत गर्नुहोस् । (५)

११. नेपालको संविधानले समावेशीकरण सम्बन्धमा के कस्तो व्यवस्था गरेको छ ? उल्लेख गर्नुहोस् । (५)

१२. लोकतान्त्रिक मूल्य र मान्यता भनेको के हो ? सुशासनमा यसको महत्व उल्लेख गर्नुहोस् । (५+५=१०)

### खण्ड-C

१३. कार्यालयमा व्यवस्थापन सूचना प्रणाली बारे उल्लेख गर्दै आधुनिक सेवा व्यवस्थापनमा यसको महत्व लेख्नुहोस् । (२+३=५)

१४. गण्डकी प्रदेशमा राजश्वको मुख्य आधारहरु के के हुन् ? उल्लेख गर्नुहोस् । (५)

१५. सार्वजनिक सेवा प्रवाहको सन्दर्भमा सेवाग्राहीका के के अधिकार हुन सक्छन् ? (५)

१६. बजेट भनेको के हो ? गण्डकी प्रदेशको चालु आर्थिक वर्ष २०८१/८२ को बजेटका मुख्य विशेषता उल्लेख गर्नुहोस् । (५)

१७. "नेपालबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा हुने बसाई-सराई बढीरहेको छ" यस भनाइलाई कसरी पुष्टि गर्नुहुन्छ ? यसबाट सृजना भएका लाभ /हानीलाई बुँदागत रुपमा प्रस्तुत गर्नुहोस् । (६+४=१०)

-समाप्त-

# प्रदेश लोक सेवा आयोग

## गण्डकी प्रदेश

### प्रदेश/स्थानीय प्रशासन सेवा, प्रशासन समूह, पाँचौ तह, वरिष्ठ प्रशासन सहायक पदको खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षा

परीक्षा मिति: २०८१/०२/०२

समय: २ घण्टा ३० मि. | पत्र: तृतीय | पूर्णाङ्क: १००

विषय: सेवा समूह सम्बन्धी

*निम्न प्रश्नहरुको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नु पर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।*

## Section-A

१. सरकारी कार्यालयमा अधिकार प्रत्यायोजनको के महत्व छ? प्रत्यायोजित अधिकारको दुरुपयोग हुन नदिन कस्ता उपायहरु अपनाउनु पर्ला ? लेख्नुहोस्। (२+३=५)

२. टिप्पणी भनेको के हो ? टिप्पणी कस्तो-कस्तो अवस्थामा प्रयोग गरिन्छ ? (२+३=५)

३. पत्र व्यवहार भन्नाले के बुझिन्छ ? प्रदेश लोक सेवा आयोगबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई कुनै विषयमा राय पठाएको पत्रको ढाँचा तयार गर्नुहोस्। (१+४=५)

४. निर्णय अभिलेख (माइन्युटिङ) किन आवश्यक हुन्छ ? माइन्यूट लेख्दा ध्यान दिनुपर्ने विषयहरु लेख्नुहोस्। (२.५+२.५=५)

५. खरिद आदेश, दाखिला रिपोर्ट र जिन्सी खाता कस्तो कस्तो अवस्थामा प्रयोग हुन्छन् ? उदाहरण दिएर पुष्ट्याई गर्नुहोस्। (५)

६. अभिलेख व्यवस्थापन भनेको के हो ? अभिलेख व्यवस्थापनको चक्र र महत्व उल्लेख गर्नुहोस्। (३+३+४=१०)

## Section-B

७. आचरण भनेको के हो ? नियमितता, समय पालना तथा राजनीतिक तटस्थता सम्बन्धमा निजामती कर्मचारीले पालना गर्नु पर्ने आचरण सम्बन्धमा प्रदेश निजामती सेवा ऐन, २०७९ ले गरेका व्यवस्था लेख्नुहोस्। (१+४=५)

८. गण्डकी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सम्पादन गर्ने मुख्य मुख्य कार्यहरुको सूची तयार पार्नुहोस्। (५)

९. सार्वजनिक प्रशासन र विकास प्रशासन बीच रहेको समानता र भिन्नता बुँदागत रुपमा उल्लेख गर्नुहोस्। (५)

१०. समन्वय भनेको के हो ? संगठनको उद्देश्य प्राप्तिमा समन्वयको कस्तो भूमिका रहन्छ ? विश्लेषण गर्नुहोस्। (१+४=५)

११. गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम कर्मचारीले पाउने बिदाहरुको बारेमा प्रष्ट पार्नुहोस्। (५)

१२. मनोबल भनेको के हो ? संगठनमा मनोबलको अवस्था मूल्याङ्कन कसरी गर्न सकिन्छ ? कर्मचारीको मनोबललाई प्रभाव पार्ने तत्वहरुको सूची तयार गर्नुहोस्। (१+४+५=१०)

## Section-C

१३. सार्वजनिक खरिदको अवधारणा प्रष्ट पार्दै यसका सिद्धान्तहरुको बयान गर्नुहोस्। (२+३=५)

१४. स्थानीय प्रशासन ऐन, २०२८ ले शान्ति सुरक्षा कायम गर्ने सम्बन्धमा प्रमुख जिल्ला अधिकारीलाई के कस्ता अधिकारहरु दिएको छ? उल्लेख गर्नुहोस्। (५)

१५. नेपालमा विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न के गर्नुपर्ला ? (५)

१६. सुशासन भनेको के हो ? नेपालमा सुशासन कायम नहुनुका कारणहरु उल्लेख गर्नुहोस्। (२+३=५)

१७. सम्पत्ति शुद्धीकरणको अवधारणा प्रष्ट पार्दै सम्पत्ति शुद्धीकरणको प्रक्रिया उल्लेख गर्नुहोस्। सम्पत्ति शुद्धीकरणले देशको अर्थतन्त्रमा कस्तो प्रभाव पार्छ ? लेखाजोखा गर्नुहोस्। (२+३+५=१०)

समाप्त।

# प्रदेश लोक सेवा आयोग

## गण्डकी प्रदेश

नेपाल प्रशासन सेवा, लेखा समूह, सहायकस्तर पाँचौं तहको खुला प्रतियोगितात्मक लिखित परीक्षा (प्रदेश)

परीक्षा मिति: २०७९।०१।११

समय: २ घण्टा ३० मिनेट | पत्र: तृतीय

विषय: सेवा सम्बन्धी

पूर्णाङ्क: १००

निम्न प्रश्नहरुको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नु पर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड-A

१. नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) भनेको के हो ? यसको प्रयोगबाट सरकारी लेखा प्रतिवेदन प्रणालीमा के फाइदा हुन्छ? लेख्नुहोस् । (१+४=५)

२. खाता सूचीको बारेमा परिभाषा दिँदै यसको प्रकारको बारेमा उल्लेख गर्नुहोस् । (२.५+२.५=५)

३. गोश्वरा भौचरलाई प्रारम्भिक अभिलेख किताब किन भनिएको हो प्रष्ट पार्दै गोश्वरा भौचरका विशेषताहरु उल्लेख गर्नुहोस् । (२+३=५)

४. कम्प्यूटराइज्ड सरकारी लेखा प्रणाली (CGAS) को कार्यान्वयनबाट प्रतिवेदन प्रणाली (Reporting system) मा पर्ने सकारात्मक प्रभावको वर्णन गर्नुहोस् । (५)

५. एकल कोष खाता (TSA) भनेको के हो ? नेपालमा लागू भएको एकल कोष खाता प्रणालीमा देखा परेका समस्याहरु उल्लेख गर्दै सुधारका उपायहरु प्रस्तुत गर्नुहोस् । (२+४+४=१०)

### खण्ड-B

६. सरकारी निकायहरुमा जिन्सी निरीक्षण किन आवश्यक छ ? जिन्सी निरीक्षण प्रतिवेदनमा खुलाउनु पर्ने मुख्य कुराहरु के-के हुन् ? (२+३=५)

७. सोझै खरिद भनेको के हो ? यसका सीमाहरु उल्लेख गर्नुहोस् । (१+४=५)

८. संघ, प्रदेश र स्थानीय तहको संचित कोषका सम्बन्धमा रहेको संवैधानिक प्रावधानका बारेमा उल्लेख गर्नुहोस् । (५)

९. राजश्व व्यवस्थापन सूचना प्रणाली (Revenue Management Information System) ले राजश्व संकलन, लेखाङ्कन र प्रतिवेदन प्रणालीमा पारेको प्रभावको विवेचना गर्नुहोस् । (५)

१०. लागत अनुमान भनेको के हो ? लागत अनुमान तयार गर्दा के कस्ता विषयहरुमा ध्यान दिनु पर्दछ ? नेपालमा यथार्थमा आधारित लागत अनुमान तयार हुन सकेको छैन भन्ने आरोपलाई कसरी खण्डन गर्न सक्नुहुन्छ ? (२+४+४=१०)

### खण्ड-C

११. वर्तमान आयकर ऐन अनुसार प्राकृतिक व्यक्ति र दम्पतीको पारिश्रमिक कर कसरी निर्धारण गरिने व्यवस्था छ ? उदाहरण सहित स्पष्ट पार्नुहोस् । (५)

१२. आन्तरिक लेखा परीक्षणको सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनले कस्तो व्यवस्था गरेको छ? संक्षेपमा उल्लेख गर्नुहोस् । (५)

१३. बेरुजु भन्नाले के बुझिन्छ ? बेरुजु फछ्र्यौट प्रक्रिया बारेमा चर्चा गर्नुहोस् । (२+३=५)

१४. जोखिममा आधारित लेखा परीक्षणलाई प्रष्ट पार्दै लेखा परीक्षणका चरणहरु बारे उल्लेख गर्नुहोस् । (२+३=५)

१५. वित्तिय संघीयतामा अन्तर सरकारी वित्तिय हस्तान्तरणको भूमिकाको बारेमा उल्लेख गर्नुहोस् । (५)

१६. प्रदेश सरकारको आर्थिक अधिकारको सूची प्रस्तुत गर्नुहोस् । (५)

१७. आन्तरिक नियन्त्रण प्रणाली तथा आन्तरिक लेखा परीक्षणको आवश्यकता उल्लेख गर्दै सो को प्रभावकारिता बढाउन के कस्ता सुधार आवश्यक देख्नुहुन्छ ? चर्चा गर्नुहोस् । (५+५=१०)

समाप्त ।

# प्रदेश लोक सेवा आयोग

## गण्डकी प्रदेश

नेपाल प्रशासन सेवा, सामान्य प्रशासन/लेखा समूह, पाँचौं तह, सहायक वा सो सरह पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा (प्रदेश)

परीक्षा मिति: २०७९।०१।०९

पत्र: द्वितीय

समय: २ घण्टा ३० मिनेट

पूर्णाङ्क: १००

विषय: समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन

---

निम्न प्रश्नहरूको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नु पर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

---

खण्ड-A

१. जैविक विविधता संरक्षण र जलवायु परिवर्तन बीचको अन्तरसम्बन्ध माथि प्रकाश पार्नुहोस् । (५)

२. नेपालमा वन सम्पदाको अवस्था कस्तो छ? वन संरक्षणका क्षेत्रमा भएका पहलहरूको बारेमा उल्लेख गर्नुहोस् । (२+३=५)

३. गण्डकी प्रदेशमा बसोबास गर्ने थकाली जातिले मनाउने चाडपर्वहरूको नाम उल्लेख गर्दै कुनै एउटा चाडको संक्षिप्त चर्चा गर्नुहोस् । (५)

४. बसाईंसराईका कारणहरू के-के हुन्? अनियन्त्रित रूपमा हुने बसाईंसराई रोक्ने उपायहरू औंल्याउँदै यसलाई प्रभावकारी रूपमा कसरी कार्यान्वयन गर्न सकिएला छोटकरीमा उल्लेख गर्नुहोस् । (१.५+३.५=५)

५. नेपालको प्रादेशिक संरचनाको बहुआयामिक विशेषता लेख्नुहोस् । (५)

६. संघीय तथा प्रदेश सरकारहरूले मुलुकमा रोजगारी सृजना गर्न चालेका कदमहरूको बारेमा छोटो टिप्पणी गर्दै आगामी दिनमा नेपालले जनसांख्यिक लाभ (Population dividend) को प्रचुर उपयोग गरी मुलुक भित्रै रोजगारीको सृजना गर्न कस्ता उपायहरू अपनाउनु पर्ला ? मौलिक सुझावहरू दिनुहोस् । (५+५=१०)

खण्ड-B

७. असल नागरिकका कर्तव्य र दायित्वहरू उल्लेख गर्नुहोस् । (५)

८. नेपालको संघीय व्यवस्थापिकाको बारेमा संक्षिप्त चर्चा गर्नुहोस् । (५)

९. नेपालको वर्तमान संविधान विगतका संविधान भन्दा के कुरामा पृथक छ? उल्लेख गर्नुहोस् । (५)

१०. राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्न खेल्न सक्ने भूमिकाको चर्चा गर्नुहोस् । (५)

११. सूचनाको हकलाई किन राज्य प्रणालीको ऐना भनिन्छ ? पुष्टि गर्नुहोस् । (५)

१२. सुशासनका विशेषताहरू औंल्याउनुहोस् । नेपालमा भ्रष्टाचार बढ्दै जानुका कारणहरू उल्लेख गरी भ्रष्टाचार नियन्त्रण गर्न के कस्ता कदम चाल्नु पर्ला ? सुझाव प्रस्तुत गर्नुहोस् । (२+४+४=१०)

खण्ड-C

१३. अभिलेख व्यवस्थापन भन्नाले के बुझ्नुहुन्छ ? कार्यालयमा अभिलेख व्यवस्थापनको महत्व बारे प्रकाश पार्नुहोस् । (२+३=५)

१४. विपद्को अवस्थामा सञ्चारको महत्व उदाहरण सहित स्पष्ट पार्नुहोस् । (५)

१५. व्यवस्थापन सूचना प्रणाली (MIS) को परिचय दिंदै यसको महत्व माथि प्रकाश पार्नुहोस् । (२.५+२.५=५)

१६. बजेट चक्रको बारेमा संक्षिप्तमा लेख्नुहोस् । (५)

१७. निजामती सेवा ऐन, २०४९ बमोजिम निजामती सेवाको रिक्त पद के कसरी पूर्ति गरिन्छ ? उल्लेख गर्नुहोस् । निजामती कर्मचारीलाई उत्प्रेरित भै काम गर्न र सेवामा टिकाइ राख्न के कस्ता सेवा सुविधाहरू उपलब्ध हुने व्यवस्था छ? प्रकाश पार्नुहोस् । (५+५=१०)

समाप्त ।

**प्रदेश लोक सेवा आयोग**

**गण्डकी प्रदेश**

**नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, पाँचौं तहको खुला प्रतियोगितात्मक लिखित परीक्षा (स्थानीय)**

**परीक्षा मिति: २०७९।०२।१४**

**समय: २ घण्टा ३० मिनेट** | **पत्र: तृतीय**

**विषय: सेवा सम्बन्धी** | **पूर्णाङ्क: १००**

---

*निम्न प्रश्नहरुको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नु पर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।*

---

**खण्ड-A**

१. दर्ता र चलानी भन्नाले के बुझिन्छ ? दर्ता किताबको नमूना प्रस्तुत गर्नुहोस् । (३+२=५)

२. प्रतिवेदन लेखनमा मूलतः कुन कुन खण्ड वा भागहरु पर्दछन् ? उल्लेख गर्नुहोस् । (५)

३. जनसम्पर्क भनेको के हो ? जनसम्पर्क अधिकारीमा हुनुपर्ने गुणहरु के के हुन् ? लेख्नुहोस् । (२+३=५)

४. कार्यालयमा प्रयोग हुने जिन्सी सामान वर्गीकरणको आधार के हो ? जिन्सी श्रेस्ता राख्नुको उद्देश्यहरु लेख्नुहोस् । (२+३=५)

५. कार्य विवरण भनेको के हो ? यसको आवश्यकता र महत्व माथि प्रकाश पार्नुहोस् । (२+३=५)

६. सेवाग्राहीहरुको गुनासो व्यवस्थापन कुन कुन तरिकाबाट गरिन्छ ? नेपालको सार्वजनिक निकायमा कार्यसम्पादनको सिलसिलामा कस्ता कस्ता गुनासाहरु आउने गरेका छन् ? स्पष्ट पार्नुहोस् । (५+५=१०)

**खण्ड-B**

७. सार्वजनिक प्रशासन भन्नाले के बुझिन्छ ? यसका मूलभूत कार्यहरुबारे संक्षेपमा उल्लेख गर्नुहोस् । (५)

८. निजामती कर्मचारीलाई दिइने सामान्य सजाय र विशेष सजाय उल्लेख गर्नुहोस् । (३+२=५)

९. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका मुख्य मुख्य कार्यहरु उल्लेख गर्नुहोस् । (५)

१०. उत्प्रेरणा भन्नाले के बुझिन्छ? उत्प्रेरणा सम्बन्धी आवश्यकताको श्रृंखला लेख्नुहोस् । (२+३=५)

११. संगठनमा समूह गतिशिलता (Group dynamics) भन्नाले के बुझिन्छ ? यसबाट संगठनलाई के फाइदा हुन्छ ? संक्षेपमा उल्लेख गर्नुहोस् । (२+३=५)

१२. लोक सेवा आयोगको काम, कर्तव्य तथा अधिकार उल्लेख गर्नुहोस् । नेपालको संविधान बमोजिम लोक सेवा आयोगको परामर्श लिनुपर्ने विषयहरु के-के हुन् ? उल्लेख गर्नुहोस् । (५+५=१०)

**खण्ड-C**

१३. स्थानीय प्रशासन ऐन, २०२८ मा भएको जिल्ला सुरक्षा समिति सम्बन्धी व्यवस्था बारे उल्लेख गर्नुहोस् । (५)

१४. सूचनाको हक (Right to Information-RTI) भन्नाले के बुझ्नुहुन्छ ? सूचनाको हक कार्यान्वयनमा देखिएका व्यवहारिक समस्याहरु उल्लेख गर्नुहोस् । (२+३=५)

१५. गण्डकी प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ अनुसार शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयको कुनै १० वटा कार्यहरु उल्लेख गर्नुहोस् । (५)

१६. स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गाउँपालिका तथा नगरपालिकाहरुले योजना तर्जुमा गर्दा कुन कुन विषयहरुलाई प्राथमिकता दिनुपर्दछ ? (५)

१७. नेपालमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कानुनी व्यवस्था उल्लेख गर्दै विपद् व्यवस्थापन सम्बन्धी समस्या र विपद् व्यवस्थापनको अवस्था बारे चर्चा गर्नुहोस् । (१०)

**समाप्त ।**

# प्रदेश लोक सेवा आयोग

## गण्डकी प्रदेश

नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, सहायकस्तर पाँचौं तहको खुला प्रतियोगितात्मक लिखित परीक्षा (प्रदेश)

परीक्षा मिति: २०७९।०२।१०

पत्र: तृतीय

समय: २ घण्टा ३० मिनेट

विषय: सेवा सम्बन्धी

पूर्णाङ्क: १०० 

निम्न प्रश्नहरूको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नु पर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड-A

१. टिप्पणीलाई निर्णय प्रक्रियामा सहभागिताको महत्वपूर्ण माध्यम किन मानिन्छ ? टिप्पणीको ढाँचा उल्लेख गर्नुहोस् । (२+३=५)

२. सार्वजनिक सेवा प्रवाह गर्दा सेवाग्राही गुनासो व्यवस्थापन कसरी गर्नुपर्दछ ? लेख्नुहोस् । (५)

३. कुनै बैठक (Meeting) पूर्व गर्नुपर्ने पूर्वतयारीका विषयमा वर्णन गर्नुहोस् । (५)

४. फिल्डी खेस्ता प्रणाली भनेको के हो ? यस प्रणालीका मुख्य उद्देश्यहरू उल्लेख गर्नुहोस् । (३+२=५)

५. अधिकार प्रत्यायोजनको महत्व उल्लेख गर्दै अधिकार प्रत्यायोजन र कार्य विवरण बीच सम्बन्ध दर्शाउनुहोस् । (५)

६. "जनसम्पर्क व्यवस्थापनलाई प्रभावकारी कार्य सम्पादनको महत्वपूर्ण आधार मानिन्छ" यस भनाईलाई उदाहरण सहित पुष्टि गर्नुहोस् । (१०)

### खण्ड-B

७. सार्वजनिक प्रशासन र विकास प्रशासन बीचको अन्तरसम्बन्ध माथि प्रकाश पार्नुहोस् । (५)

८. निजामती कर्मचारीको आचरण भन्नाले के बुझ्नुहुन्छ ? कर्मचारीको आचरण सुधारका लागि के कस्ता प्रयासहरू गर्नुपर्दछ ? आफ्नो राय पेश गर्नुहोस् । (२+३=५)

९. लोक सेवा आयोगको अध्यक्ष र सदस्य पदमा नियुक्ति हुनका लागि कस्तो योग्यता आवश्यक पर्दछ ? उल्लेख गर्नुहोस् । (५)

१०. समय व्यवस्थापन भनेको के हो ? नेपालको सार्वजनिक प्रशासनमा समय व्यवस्थापनका कमजोर पक्षहरू के के हुन् ? बुँदागत रूपमा लेख्नुहोस् । (१.५+३.५=५)

११. उत्प्रेरणा भन्नाले के बुझिन्छ ? कर्मचारीलाई प्रदान गरिने कुनै पाँच वटा गैर मौद्रिक उत्प्रेरणा उल्लेख गर्नुहोस् । (२.५+२.५=५)

१२. निजामती सेवा ऐन, २०४९ बमोजिम निजामती कर्मचारीहरूलाई गर्न सकिने विभागीय सजायको बारेमा लेख्नुहोस् । (१०)

### खण्ड-C

१३. प्रदेश सरकार कार्य विभाजन नियमावली (गण्डकी प्रदेश) अनुसार भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालयका कुनै ५ वटा कार्यहरू लेख्नुहोस् । (५)

१४. स्थानीय प्रशासन ऐन, २०२८ अनुसार प्रमुख जिल्ला अधिकारीलाई कुन-कुन मुद्दा मामिलाहरूको शुरु कारबाही र किनारा गर्ने अधिकार दिइएको छ ? लेख्नुहोस् । (५)

१५. विपद् जोखिम व्यवस्थापनका प्रमुख चरण (Cycles) हरू उल्लेख गर्नुहोस् । (५)

१६. सम्पत्ति शुद्धिकरण (Money Laundering) भनेको के हो ? विभिन्न माध्यमबाट सम्पत्ति शुद्धिकरण गर्ने कार्यले मुलुकलाई कस्तो नोक्सान हुन्छ ? संक्षिप्त उत्तर दिनुहोस् । (२+३=५)

१७. सूचनाको हक भनेको के हो ? यसको महत्व उल्लेख गर्दै सार्वजनिक सूचना प्रवाहमा सार्वजनिक निकायको के-कस्तो दायित्व रहने कानूनी व्यवस्था छ ? उल्लेख गर्नुहोस् । (३+७=१०)

समाप्त ।

# प्रदेश लोक सेवा आयोग

## गण्डकी प्रदेश

नेपाल प्रशासन/न्याय सेवा, सामान्य प्रशासन/लेखा/कानून समूह, पाँचौ तहको खुला प्रतियोगितात्मक लिखित परीक्षा
(स्थानीय)

परीक्षा मिति: २०७९।०२।१३

समय: २ घण्टा ३० मिनेट | पत्र: द्वितिय
विषय: समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन | पूर्णाङ्क: १००

निम्न प्रश्नहरुको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नु पर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

### खण्ड-A

१. खाद्य सम्प्रभुता र खाद्य सुरक्षा बीच रहेका समानता र फरकहरु उल्लेख गर्नुहोस् । (२.५+२.५=५)

२. गण्डकी प्रदेशको चालु आवधिक योजना: प्रथम पञ्चवर्षीय योजना (आ.व. २०७६/७७-२०८०/८१) ले पहिचान गरेका प्रदेश समृद्धिका मुख्य संवाहकहरु (Key drivers of Prosperity) बारे चर्चा गर्नुहोस् । (५)

३. छिमेकी देश श्रीलङ्कामा हाले देखा परेको आर्थिक संकटको बारेमा उल्लेख गर्दै नेपालमा यस्ता प्रकृतिका संभावित आर्थिक संकटबाट पार पाउन के कस्ता उपायहरु अवलम्बन गर्नुपर्ला, चर्चा गर्नुहोस्। (२.५+२.५=५)

४. नेपालको सांस्कृतिक विशेषता बारे उल्लेख गर्दै गण्डकी प्रदेशको सांस्कृतिक चित्रको बारेमा लेख्नुहोस्। (२+३= ५)

५. शहरीकरण भन्नाले के बुझिन्छ ? शहरीकरण बढ्दै जानुको खास-खास कारणहरु के के हुन् ? उल्लेख गर्नुहोस्। (५)

६. गण्डकी प्रदेशमा वन सम्पदाको वर्तमान अवस्था, यसमा रहेका समस्याहरु र वन सम्पदा संरक्षण एवं विकासका लागि चाल्नु पर्ने आगामी कदमहरु उल्लेख गर्नुहोस्। (३+३+४=१०)

### खण्ड-B

७. कानूनको शासन भन्नाले के बुझिन्छ ? यसको स्थापनामा देखिएका समस्याहरु उल्लेख गर्नुहोस् ? (२+३=५)

८. संघ, प्रदेश र स्थानीय तहको निर्वाचनका लागि हामीले अपनाएका निर्वाचन प्रणालीहरु के के हुन् ? लेख्नुहोस्। (५)

९. नेपालको संविधानमा उल्लिखित मौलिक हकहरु मध्ये सूचनाको हक र गोपनियताको हकको बारेमा लेख्नुहोस् । (२.५+२.५=५)

१०. नैतिक शिक्षाको मूल्य (Value) उल्लेख गर्दै यसले समाज निर्माणमा के योगदान गर्न सक्छ? लेख्नुहोस्। (२+३=५)

११. समानुपातिक निर्वाचन प्रणाली र लोकतन्त्रबीचको सम्बन्ध प्रष्ट पार्नुहोस्। (५)

१२. "समाजबाटै सदाचार र इमान्दारिताको जग बसाउन सकेमा भ्रष्टाचारमुक्त समाज निर्माण गर्न सकिन्छ" यस कथनलाई आत्मसात गर्दै भ्रष्टाचार न्यूनिकरण गर्न नेपालमा गरिएको कानूनी व्यवस्था बारे संक्षेपमा उल्लेख गर्दै एक सचेत नागरिकको हैसियतले भ्रष्टाचारमुक्त समाज निर्माणमा तपाईंको भूमिका कस्तो हुनु पर्ला ? तर्कपूर्ण उत्तर दिनुहोस्। (१०)

### खण्ड-C

१३. कार्यालयमा गरिने संचार (Communication) को लागि के कस्ता व्यवस्था गरिएको हुन्छ ? त्यस्ता संचार प्रकृयामा आउन सक्ने अवरोधहरु संक्षेपमा उल्लेख गर्नुहोस्। (२.५+२.५=५)

१४. अभिलेख व्यवस्थापन भनेको के हो ? यसको महत्त्व उल्लेख गर्नुहोस्। (५)

१५. लेखा परीक्षणको परिचय दिँदै आन्तरिक लेखा परीक्षणको महत्त्व माथि प्रकाश पार्नुहोस् । (२.५+२.५=५)

१६. प्रदेश सरकारको आर्थिक कार्यप्रणालीको बारेमा जानकारी गराउनुहोस् । (५)

१७. संविधान कार्यान्वयनका सन्दर्भमा प्रदेश तथा स्थानीय तहको संरचना हाम्रो लागि नयाँ व्यवस्था हो । यी तहले अझै पनि आफ्नो राजस्व तथा खर्च प्रणालीलाई व्यवस्थित गर्न र स्रोतको प्रभावकारी परिचालन गर्न सकेका छैनन्। प्रदेश तथा स्थानीय तहमा उठेको कर तथा राजस्व न्यून रहेको छ । गण्डकी प्रदेशमा पनि प्रदेश तथा स्थानीय दुवै तहले वित्तीय स्रोतको लागि संघको मुख ताक्नु पर्ने अवस्था छ । यी क्षेत्रको राजस्वको विद्यमान अवस्था चित्रण गर्दै राजस्व परिचालनमा देखिएका समस्याहरु औंल्याइ राजस्व परिचालनलाई कसरी प्रभावकारी बनाउन सकिन्छ लेख्नुहोस्। (१०)

समाप्त।

Scanned with CamScanner